# मानवअधिकार सन्धिको पालनामा
# सर्वोच्च अदालत

मानवअधिकार सन्धि अनुगमन समन्वय समिति
इमेल: hrtmcc@hrtmcc.org, वेब साइट: www.hrtmcc.org

# मानवअधिकार सन्धिको पालनामा
# सर्वोच्च अदालत

**प्रकाशन मिति** : चैत २०६५

**सङ्ख्या** : १ हजारप्रति

**प्रकाशक** : मानवअधिकार सन्धि अनुगमन समन्वय समिति

**सर्वाधिकार** : मानवअधिकार सन्धि अनुगमन समन्वय समिति

**मुद्दाको विश्लेषण** : डा. भिमार्जुन आचार्य

**संयोजन/सङ्कलन** : बिद्या चापागाई

**मुद्रक** : इन्द्रेणी अफसेट प्रेस, अनामनगर, फोन नं. ४६६०५३३, ४७७१४४८

# भूमिका

नागरिकका मानवअधिकारको सम्मान र संरक्षण गर्ने दायित्व राज्यका प्रमुख तीन अङ्गको रहेको हुन्छ। राज्यका तीन अङ्गहरूमध्ये कार्यपालिकाद्वारा मानवअधिकारको हनन भइरहेको हुन्छ। मानवअधिकारको हननबाट नागरिकलाई जोगाउने र उपचार प्रदान गर्ने कार्य न्यायपालिकाको हुन्छ। न्यायका मान्य सिद्धान्तअनुसार न्याय सम्पादन गर्ने प्रमुख जिम्मेवारी न्यायपालिकालाई प्रदान गरिएको हुन्छ। मानव( अधिकारको संरक्षण तथा सम्बर्द्धनका लागि सक्षम तथा प्रभावकारी न्यायपालिका हुनु अनिवार्य हुन्छ।

कुनै पनि राष्ट्रले अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी सन्धि-सम्झौतालाई अनुमोदन गरी पक्षराष्ट्र भइसकेपछि सोबमोजिमको दायित्व पूरा गर्नुपर्दछ। ती अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी सन्धि-सम्झौतामा व्यवस्था गरिएका अधिकारहरूको राज्यले प्रत्याभूति गर्नुपर्दछ। मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरूले तोकेका दायित्वहरू पूरा गराउन र मानवअधिकारको संरक्षण तथा सम्बर्द्धन गर्न अदालतको भूमिका महत्वपूर्ण रहन्छ।

नेपालले संयुक्त राष्ट्रसङ्घद्वारा पारित मानवअधिकारसम्बन्धी प्रमुख महासन्धिहरूमध्ये छवटाको अनुमोदन गरेको छ। नेपाल सन्धि ऐन २०४७ ले नेपाल पक्ष भएका सन्धिहरूलाई नेपाल कानुनसरह हुने व्यवस्था गरेको छ। देशको मूल कानुन संविधान, अन्तर्राष्ट्रिय सन्धि-सम्झौताजस्ता दस्तावेजहरूको कार्यान्वयन गरी त्यसका प्रावधानलाई मान्यता प्रदान गर्ने दायित्व न्यायपालिकाको एक महत्वपूर्ण जिम्मेवारीका रूपमा रहेको हुन्छ। सर्वोच्च अदालतले मानवअधिकारसम्बन्धी कतिपय महत्वपूर्ण निर्णयहरू गर्ने सन्दर्भमा नेपाल पक्षराष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धि-महासन्धिका प्रावधानहरू अनुसरण गर्ने गरेको छ।

मानवअधिकारको प्रत्याभूति गर्ने सन्दर्भमा अनुमोदन गरिएका यी महासन्धिलाई कत्तिको हदसम्म अनुसरण गरिएको छ भनी सर्वोच्च अदालतबाट भएका निर्णयहरूको विश्लेषण गर्न आवश्यक भएकाले मानव( अधिकार सन्धि अनुगमन समन्वय समितिद्वारा यो अध्ययन गरिएको हो। सोका लागि सर्वोच्च अदालतबाट नेपाल पक्ष भएका महासन्धिहरूलाई आधार बनाएर निर्णय भएका मानवअधिकारसम्बन्धी ६७ वटा मुद्दाको अध्ययन गरिएको छ।

सर्वोच्च अदालतबाट ०४७ देखि ०६४ सालसम्मको अवधिमा नेपाल पक्ष भएका प्रमुख महासन्धिका आधारमा निर्णय गरेका विवादहरूलाई सङ्कलन गरिएको यो प्रकाशन न्यायिक निकायबाट तिनीहरूको कार्यान्वयनबारेमा जानकारी लिन मानवअधिकारको क्षेत्रमा कार्यरत व्यक्तिहरू, कानुन तथा न्यायको क्षेत्रमा कार्यरत व्यक्तित्वहरू, कानुनका शिक्षक, कानुनका विद्यार्थी एवम् अन्य यससँग सरोकार राख्ने जोकोहीलाई पनि उपयोगी हुनेछ भन्ने आशा राखेका छौँ।

यस अध्ययनमा मुद्दाको विश्लेषण गरी महत्वपूर्ण सहयोग गर्नुहुने डा. भीमार्जुन आचार्यलाई विशेष धन्यवाद दिन चाहन्छु। मुद्दाको सङ्कलनलगायत अध्ययनको प्रारम्भिक चरणदेखि यसको सम्पूर्ण संयोजन गर्नुहुने इन्सेक केन्द्रीय कार्यालयकी अधिवक्ता विद्या चापागाईंप्रति आभार व्यक्त गर्दछु। साथै साजसज्जाको लागि गीता मालीलाई पनि धन्यवाद दिन चाहन्छु

**सुबोधराज प्याकुरेल**

अध्यक्ष

सचिवालय मानवअधिकार सन्धि अनुगमन समन्वय समिति

# विषयसूची


**(क) कार्यकारी सारांश** १

**(ख) सर्वोच्च अदालतद्वारा भएका निर्णयहरू**

१. अधिवक्ता भोजराज ऐरसमेत विरुद्ध प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालासमेत ८

२. कृष्णप्रसाद शिवाकोटीसमेत विरुद्ध सम्माननीय प्रधानमन्त्री प्रधानमन्त्रीको कार्यालय सिंहदरबारसमेत ९

३. अधिवक्ता भरतमणि गौतम विरुद्ध श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालय सिंहदरबार ११

४. सुशीलराज प्याकुरेल विरुद्ध मन्त्री परिषद् सचिवालयसमेत १२

५. अधिवक्ता माधवकुमार बस्नेत विरुद्ध सम्माननीय प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालासमेत १५

६. अधिवक्ता मीरा ढुङ्गाना विरुद्ध श्री ५ को सरकार कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय सिंहदरबार १६

७. रीना बज्राचार्यसमेत विरुद्ध श्री ५ को सरकार म.प.स. मुकाम सिंहदरबारसमेत २०

८. सविन श्रेष्ठ विरुद्ध श्री ५ को सरकार कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय २३

९. अधिवक्ता वसुन्धरा थापा विरुद्ध श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालय, काठमाडौँ २५

१०. अधिवक्ता रेश्मा थापा विरुद्ध श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालय, सिंहदरबार काठमाडौँ २७

११. अधिवक्ता चन्द्रकान्त ज्ञवाली विरुद्ध श्री ५ को सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौँ २९

१२. अधिवक्ता रूपनारायण श्रेष्ठ विरुद्ध श्री ५ को सरकार कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, सिंहदरबार ३१

१३. डिलबहादुर विश्वकर्मा विरुद्ध श्री ५ को सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौँ ३३

१४. अन्नपूर्ण राणा विरुद्ध काठमाडौँ जिल्ला अदालदसमेत ३५

१५. अधिवक्ता सपना प्रधान मल्लसमेत विरुद्ध कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयसमेत ३७

१६. बेन्जामिन पिटरसमेत विरुद्ध गृह मन्त्रालय ३९

१७. अधिवक्ता श्यामकृष्ण मास्के विरुद्ध श्री ५ को सरकार, कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय ४०

१८. अधिवक्ता चन्द्रकान्त ज्ञवालीसमेत विरुद्ध म.प.स.समेत ४२

१९. अधिवक्ता शर्मिला पराजुली विरुद्ध श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालय, सिंहदरबार, काठमाडौँ ४४

२०. अधिवक्ता सपना प्रधान मल्ल विरुद्ध कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयसमेत ४७

२१. प्रद्योश क्षेत्र विरुद्ध श्री ५ को सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार ४९
२२. मनबहादुर विश्वकर्मा विरुद्ध कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालयसमेत ५२
२३. कृष्णप्रसाद सिवाकोटी विरुद्ध श्री ५ को सरकार कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय ५४
२४. तारक धिताल विरुद्ध जि.प्र. कार्यालय, काठमाडौँसमेत ५६
२५. तिलोत्तम पौडेल विरुद्ध गृहमन्त्रालयसमेत ५८
२६. नेपाल बालअधिकार संरक्षण सहयोग केन्द्रबाट अधिकारप्राप्त केन्द्रका महासचिव अधिवक्ता बालकृष्ण मैनाली ६०
२७. भरतमणि गौतम विरुद्ध श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालय, सिंहदरबार ६१
२८. रवीन्द्र भट्टराई विरुद्ध श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालयसमेत ६२
२९. अधिवक्ता राजाराम ढकाल विरुद्ध सम्माननीय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौँ ६४
३०. अधिवक्ता टेक ताम्राकार विरुद्ध श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालय, सिंहदरबार ६६
३१. अधिवक्ता मीराकुमारी ढुङ्गानासमेत विरुद्ध कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयसमेत ६९
३२. अधिवक्ता ओमप्रकाश अर्याल विरुद्ध श्री ५ को सकार, मन्त्रिपरिषद् सचिवालय, सिंहदरबार, काठमाडौँ ७१
३३. अधिवक्ता रत्नबहादुर बागचन्द्र विरुद्ध श्री ५ को सरकार प्रधानमन्त्री एवम् मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार ७३
३४. रत्नबहादुर बागचन्द विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार ७६
३५. अधिवक्ता अच्युतप्रसाद खरेल विरुद्ध प्रधानमन्त्री खरेल विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौँ ७७
३६. अधिवक्ता सपना प्रधान मल्ल विरुद्ध श्री ५ को सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार ७९
३७. इलाम जिल्ला फिक्कल गाविस वडा नं. ६ स्थित श्री दुर्गालक्ष्मी निर्माण सेवाका प्रोप्राइटर डम्बरसिंह गदाल विरुद्ध इलाम नगरपालिकासमेत ८१
३८. राजेन्द्र राईको हकमा नेपाल बार एसोसिएसनका अध्यक्ष शम्भु थापा विरुद्ध मन्त्रिपरिषद्का उपाध्याक्ष तुलसी गिरी, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौँ ८३
३९. गौरी प्रधान विरुद्ध श्री ५ को सरकार गृहमन्त्रालय, सिंहदरबार, काठमाडौँ ८५
४०. पुण्यवती पाठक विरुद्ध श्री ५ को सरकार पराष्ट्र मन्त्रालय शीतलनिवास, काठमाडौँ ८७
४१. लिली थापा विरुद्ध श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार ८९
४२. अधिवक्ता प्रकाशमणि शर्मा विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबार ९१
४३. अधिवक्ता भोजराज ऐरसमेत विरुद्ध प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालासमेत ९३
४४. अधिवक्ता प्रकाशमणि शर्मा विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबार ९५
४५. ललितपुर जिल्ला हरिसिद्धि गाविस वडा नं. ५ बस्ने बाबु कृष्ण महर्जन विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ९६
४६. अधिवक्ता सन्तोषकुमार महतो विरुद्ध श्री ५ को सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबार ९८

४७. अधिवक्ता सविन श्रेष्ठ विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार १००
४८. अधिवक्ता मिहीरकुमार ठाकुर विरुद्ध निर्वाचन आयोग १०४
४९. अधिवक्ता प्रकाशमणि शर्मासमेत विरुद्ध नेपाल सरकार, स्थानीय विकस मन्त्रालय, हरिहरभवन ललितपुरसमेत १०६
५०. अधिवक्ता निर्मला उप्रेती विरुद्ध नेपाल सरकार, कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, सिंहदरबारसमेत १०८
५१. अधिवक्ता रमा पन्त खरेलसमेत विरुद्ध महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयसमेत १०९
५२. जलेशवर नगर विकास समितिसमेत विरुद्ध विपक्षी पुनरावेदन अदालत जनकपुरसमेत ११२
५३. अधिवक्ता विमल विश्वकर्मासमेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारसमेत ११३
५४. अधिवक्ता राजेन्द्रप्रसाद ढकालसमेत विरुद्ध नेपाल सरकार, गृहमन्त्रालय, सिंहदरबारसमेत ११५
५५. शिवलाल पोडे विरुद्ध काठमाडौँ जिल्ला अदालतसमेत १२८
५६. अधिवक्ता मीरा ढुङ्गाना विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारसमेत १३०
५७. मेहमुद रसिद विरुद्ध नेपाल सरकार, गृहमन्त्रालय, सिंहदरबार, काठमाडौँसमेत १३४
५८. अधिवक्ता चन्द्रकान्त ज्ञवालीसमेत विरुद्ध सम्मानीय प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाल प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारसमेत १३७
५९. अच्युतप्रसाद खरेल विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारसमेत १४०
६०. अधिवक्ता भोजराज ऐरसमेत विरुद्ध प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालासमेत १४२
६१. अधिवक्ता भोजराज ऐरसमेत विरुद्ध प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालासमेत १४४
६२. राकेशलाल श्रेष्ठसमेत विरुद्ध लम्बिनी विकास कोष मुख्य कार्यालय, रूपन्देहीसमेत १४५
६३. सपना भण्डारीसमेत विरुद्ध प्रतिनिधिसभा, सिंहदरबारसमेत १४७
६४. देवी सुनार विरुद्ध जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोक, धुलिखेलसमेत १४९

# कार्यकारी सारांश

**विषय प्रवेश**

मानवअधिकारसम्बन्धी दस्तावेजहरूलाई उनीहरूको प्रमुख र शक्तिका आधारमा दुई वर्गमा विभाजन गर्ने गरिन्छ। अन्तर्राष्ट्रिय मानवअधिकार दस्तावेज (International Human Rights Instruments) र विश्वव्यापी मानवअधिकार दस्तावेज (Universal Human Rights Instruments)। पहिलो वर्गका दस्तावेज जसलाई सन्धि, महासन्धि, अभिसन्धि, अनुबन्ध, प्रतिज्ञापत्र आदि नामले जानिन्छ, कानुनत: बाध्यकारी दस्तावेज हुन्। पक्षराष्ट्रहरू यी दस्तावेजको पालना गर्न बाध्य हुन्छन्। विश्वका कुनै पनि राष्ट्र यी दस्तावेजहरूको सदस्य बन्न सक्छन्। संयुक्त राष्ट्रसङ्घ वा अन्तर्राष्ट्रिय स्तरमा अवलम्बन गरिएका मानवअधिकारसम्बन्धी घोषणापत्रहरू (Declarations), सिद्धान्तहरू (Principles), निर्देशिकाहरू (Guidelines), मापदण्डहरू (Standard Rules) र सुझावहरू (Recommendations) दोस्रो वर्गका मानवअधिकार दस्तावेज हुन्। यी दस्तावेजहरूको कुनै कानुनी हैसियत (Legal Status) हुँदैन, तथापि पहिलो वर्गका दस्तावेजहरूलाई नैतिक बल र व्यावहारिक मापदण्ड प्रदान गर्न यिनीहरूको निकै ठूलो महत्व रहन्छ।

मानवअधिकारको संरक्षण र सम्बर्द्धनका लागि मानवअधिकारसम्बन्धी थुप्रै अन्तर्राष्ट्रिय दस्तावेजहरू पारित भएका छन्। ती सबै दस्तावेजहरूको आ-आफ्नो स्थानमा समान महत्व र सान्दर्भिकता रहन्छ। तथापि, प्रयोगको व्यापकता र कार्यान्वयन अनुगमनका दृष्टिकोणमा अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी कतिपय दस्तावेजहरूलाई मुख्य दस्तावेज (Core Instruments)का रूपमा चित्रण गर्ने अन्तर्राष्ट्रिय प्रचलन रहेको पाइन्छ। प्रारम्भमा सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि-१९६५, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध-१९६६, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध-१९६६, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि-१९७९, यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि-१९८४ र बालअधिकारसम्बन्धी महासन्धि-१९८९ लाई ठूला छ महासन्धिका रूपमा स्वीकार गरेको भए पनि पछिल्लो समयमा सबै आप्रवासी कामदार तथा उनीहरूका परिवारका सदस्यहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, जबरजस्ती बेपत्ता गर्ने कार्यबाट सबै व्यक्तिहरूको संरक्षण गर्ने अन्तर्राष्ट्रिय महासन्धि र असक्षमता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिलाई समेत प्रमुख अन्तर्राष्ट्रिय मानवअधिकार दस्तावेजका रूपमा मान्यता दिने प्रचलन विकसित भएको छ।

**नेपाली अदालती प्रकृति**

नेपालमा मानवअधिकार आन्दोलनको पृष्ठभूमि लामो भएको भए तापनि अन्तर्राष्ट्रिय